# <u>कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६</u>

कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यविधि(प्रथम संशोधन), २०७६ मितिः २०७८/०५/०१

**<u>प्रस्तावना :</u>** ⊕बागमती प्रदेश अपार प्राकृतिक श्रोत साधनले सम्पन्न एवम् जैविक विविधता र प्राकृतिक मनोरम दृश्यले भरपुर छ । हाम्रो सरल जीवनशैली, विविधतायुक्त भौगोलिक बनावटमा पाईने विविधायुक्त धर्मसंस्कृति, रीतिरिवाज,परम्परा, जीवनशैली र फरक फरक रुपमा अपनाउँदै आईरहेको कृषि प्रणाली कृषि पर्यटन विकासका महत्वपूर्ण आधार हुन् । कृषि पर्यटन कृषकको अतिरिक्त आम्दानीको श्रोत, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि माध्यम हो । विकासको महत्वपूर्ण आधारस्तम्भको रुपमा रहेको कृषि र पर्यटनलाई एक अर्काको अन्तर सम्बन्धित र परिपूरक अङ्गको रुपमा स्थापित गर्दै अर्न्तराष्ट्रिय पर्यटन बजारमा नेपालको कृषि पर्यटन एउटा नमुना ब्राण्ड समेत बन्न सक्ने बलियो सम्भावनालाई मध्यनजर गर्नको लागि प्रदेश सरकार, ⊕बागमती प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस कार्यर्विधिको नाम "**कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,यस कार्यर्विधिमा,-

(क) **"अनुदानग्राही"** भन्नाले कार्यालयबाट अनुदान प्राप्त गर्न छनौट भएका साझेदार संस्थालाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले नमुना कृषि पर्यटन वा कृषि पर्यटनसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले कार्यक्रम कार्यन्वयन गर्ने निकायलाई सम्झनु पर्छ ।

(घ) **"कृषि पर्यटन"** भन्नाले दिगो कृषि प्रणाली, वन जंगलको सौन्दर्यता, ग्रामिण जीवन, कला, संस्कृति, सम्पदाहरु र पर्यटनको एकीकृत प्रवर्धन मार्फत स्थानीय समुदायलाई आर्थिक एवम् सामाजिक रुपमा लाभ प्रदान गर्ने कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) **"प्रस्ताव"** भन्नाले कृषि पर्यटन कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्न पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्छ ।

---

⊕ प्रथम संशोधन द्वारा संशोधित

(ज) **"प्रोत्साहन अनुदान"** भन्नाले दफा १० मा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनुपर्छ ।

(झ) **"प्रदेश"** भन्नाले ⊕बागमती प्रदेश सम्झनु पर्छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ट) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ।

(ठ) **"विज्ञ केन्द्र"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतका भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र सम्झनु पर्छ।

(ड) **"साझेदार संस्था"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि आवेदन दिने होमस्टे संचालक, कृषि पर्यटन प्रवर्द्धनमा संलग्न सामुदायिक संस्था, कृषि पर्यटन व्यवसायमा आवद्ध समूह/सहकारी, सामूहिक/चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने समूह/सहकारी र निजी फार्मलाई सम्झनुपर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. <u>उद्धेश्य:</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषि पर्यटनको विकास तथा प्रवर्द्धन गरी ग्रामिण अर्थतन्त्रलाई सबल बनाउने ।

(ख) ग्रामिण क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्ने, कृषक घरधुरीको आय वृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा बजार विस्तार गर्ने ।

(ग) कृषि पर्यटन मार्फत परम्परागत कला, प्रविधि र संस्कृतिको सम्वर्धन गर्ने ।

(घ) वैदेशिक रोजगारीको विकल्पको रुपमा कृषि पर्यटन, दिगो एवं प्रांगारिक कृषि प्रणालीको प्रवर्धन गर्ने ।

## परिच्छेद-२
## <u>संस्थागत व्यवस्था</u>

४. <u>मूल्याङ्कन समिति:</u> (१) यस कार्यविधिको अनुसूची -१ मा उल्लेखित मापदण्डहरुलाई आधार मानी प्रस्तावहरुको मूल्याङ्कन गर्न ⊕निर्देशनालय/ज्ञान केन्द्रमा सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ बमोजिम एक मूल्याङ्कन समिति रहनेछ ।

(२) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार बढिमा तीन (३) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) मूल्याङ्कन समितिले अनुसूची -१ अनुसारको मूल्याङ्कन मापदण्ड तथा आवश्यकताको आधारमा अन्य मूल्याङ्कन मापदण्ड तयार गरी स्वीकृतिका लागी ⊕निर्देशनालय/ज्ञान केन्द्रमा पेश गर्ने ।

---
⊕ प्रथम संशोधन द्वारा संशोधित

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिको लागी *निर्देशनालय/कृषि ज्ञान केन्द्रमा पेश गर्ने ।

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कार्यविधी लागु हुने स्थानहरु:** ⊕बागमती प्रदेशभर यो कार्यक्रम सञ्चालन हुनेछ ।

६. **प्रस्ताव आव्हान:** *निर्देशनालय/केन्द्रले कृषि पर्यटन सञ्चालन गर्न इच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न अनुसूची -२ अनुसार तीस दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूची-३ अनुसारको आवेदन र सो अनुसूचीमा माग गरिएको कागजातहरु, अनुसूची- ४ बमोजिमको प्रस्तावको ढाँचा र अनुसूची -५ अनुसारको प्रतिबद्धता पत्र सम्बन्धित *निर्देशनालय/केन्द्रमा दर्ता गर्नु पर्नेछ। माग अनुसार प्रस्ताव नपरेमा निर्देशनालय/*केन्द्रले पुनः पन्ध्र दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ।

७. **प्रस्ताव दर्ता एवम् संकलन:** साझेदार संस्थाले अनुसूची -३ अनुसारको आवेदनको साथ माग गरेका कागजातहरु, अनुसूची -४ बमोजिमको प्रस्ताव *निर्देशनालय/केन्द्रमा तोकिएको अवधि भित्रै दर्ता गरी सक्नु पर्नेछ।

८. **प्रस्ताव छनौटको जानकारी:** स्वीकृत भएका प्रस्तावको जानकारी सम्बन्धित अनुदानग्राहीलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. **सम्झौता:** (१) कार्यालयले अनुग्राहीहरुलाई सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधी दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने अनुदानग्राहीसँग *निर्देशनालय/केन्द्रले अनुसूची-६ बमोजिम सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयावधी भित्र सम्झौता गर्न नआउने अनुदानग्राहीको स्वतःछनौट रद्द भएको मानी दोस्रो प्राथमिकता प्राप्त साझेदार संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

१०. **सञ्चालन गर्न सकिने क्रियाकलापहरु:**

**(क) कृषि पर्यटन प्रवर्धन गरिने गाँउ/टोल परिसरको सरसफाइ, सुधार, सौन्दर्यिकरण:**यस अन्तर्गत फलफूल रोपण, फूल रोपण तथा सौन्दर्यिकरण, जैविक विविधता झल्कने पार्कहरुको विकास तथा सुधार, घर बस्ती सुधार(एकै प्रकारका घर निर्माण, एकै

---
* प्रथम संशोधनद्वारा थप गरिएको

⊕ प्रथम संशोधनद्वारा संशोधित

रङ्गको छाना बनाउने, घर नम्बर राख्ने) जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(ख) **पहुँच सडक र आवास सुधारः**यस अन्तर्गत मुख्य सडकसँग सहज पहुँचका लागि पहुँच सडकको स्तरोन्नती, ढलनिकास, सडक बत्ती (सौर्य) जडान, प्रवेशद्धार वा स्वागतद्धार र कृषि पर्यटनमा संलग्न कृषक घरधुरीको आवास सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(ग) **फोहोर व्यवस्थापन र कम्पोष्ट मल उत्पादनः** यस अन्तर्गत कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्टबिन, कम्पोष्ट खाडल निर्माण, भकारो सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(घ) **कृषि उपज र पशुपन्छी उत्पादन तथा व्यवस्थापनः** विभिन्न कृषिजन्य बालीहरु सकेसम्म स्थानीय, रैथाने, स्वदेशी, खुल्ला सेचित जातका तरकारी, खाद्यान्न, फलफूल, मसलाबाली, माछा, मौरी, *आयातीत जातका कडकनाथ जस्ता विभिन्न जातजातिका पन्छी, रैथाने र स्थानीय प्रजातीका पशुपन्छी आदिको खेती र पालन । विषादी रहित वा आइ. पि. एम. पद्धतिबाट उत्पादन प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि तालीम, बीउ विजन सहयोग, वर्षाको पानी संकलन, जैविक विषादी तयारी, स्थानीय परिकारहरुको प्रवर्द्धन, स्थानीय बालीहरुको प्रशोधन तथा प्याकेजिङ् जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ भने पशुपन्छीको हकमा गोठ सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(ङ.) **कला, संस्कृति, संगीत तथा कोसेली केन्द्रको स्थापनाः** स्थानीय कला, संस्कृति, भेषभुषा तथा गीत संगीतको संरक्षण तथा प्रवर्धन गरी पर्यटकलाई आकर्षण गर्नका लागि एक केन्द्रको स्थापना गरी सो का लागि वाद्यवादन संकलन गरी उक्त केन्द्रलाई संग्रहालयको रुपमा सञ्चालन गर्न सकिनेछ ।

(च) **कृषि, संस्कृति र वातावरणजन्य दिवस तथा समारोह सञ्चालन गर्न सकिने छ ।**

(छ) **प्रचार प्रसार तथा क्षमता अभिवृद्धिः** कृषि पर्यटनलाई प्रवर्धन तथा विकास गर्नका लागि स्थानीय एफ. एम. बाट प्रचारात्मक सामग्री तयार गरी प्रसारण गर्ने तथा कृषि पर्यटनमा आवद्ध घरधुरीको क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ज) **स्थानीय ज्ञान, सीप तथा आधुनिक कृषि, पशुपन्छी र *माछा उत्पादन प्रविधि प्रसार गर्ने ।**

(झ) दफा १० को खण्ड (क) देखि (ज) मा राखिएका क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु अनुसूची -४ अनुसारको कार्ययोजनामा अनिवार्य रुपले राखी बजेट प्रस्ताव गर्नुपर्नेछ साथै माथि उल्लेखित क्रियाकलापहरुको अलावा कुनै सिर्जनात्मक तथा नविन क्रियाकलाप समेत प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद ४

---

* प्रथम संशोधनद्वारा थप गरिएको

## आर्थिक पक्ष

११. **कार्यक्रमको आर्थिक पक्षः** (१) दफा १० बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिकबजेटको परिधीभित्र रही कृषि पर्यटन प्रवर्धन कार्यक्रम गर्ने अनुदानग्राहीलाई आयोजनाको कूल लागतको पचास प्रतिशत वा बढीमा रु ५० लाख सम्म अनुदान उपलब्ध गराईनेछ।♣विपन्न वर्गको हकमा अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/निकायबाट आंशिक रुपमा व्यवस्था गर्न सकिनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) अनुदानग्राहीलाई बढीमा तीन किस्तामा अनुदान रकम उपलब्ध गराइने छ ।कार्य प्रगति र सुपरिवेक्षणको आधारमा अनुदानग्राहीले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिकसिफारिसमा बढीमा तीन किस्तामा भुक्तानी गरिनेछ। साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ। नेपाल सरकारको नियमानुसार अग्रिम आयकर कट्टा गरिनेछ ।

(४) [∆]..............

### परिच्छेद-५
### अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, केन्द्र र मूल्याङ्कन समितिले संयुक्त आवश्यकता अनुसार छुट्टाछुट्टै गर्नेछन्।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा, जिल्ला समन्वय समिति र स्थानीय तहले गर्न सक्नेछ ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्नेः** (१) अनुदानग्राहीले अनुसूची -७ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन ♣निर्देशनालय/केन्द्रमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ

### परिच्छेद-६
### विविध

---

♣ प्रथम संशोधनद्वारा थप गरिएको

∆ प्रथम संशोधनद्वारा झिकिएको

१४. **कारवाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई प्रचलित कानून अनुसार मन्त्रालय/ निर्देशनालयले कार्यक्रम सञ्चालन गर्ने निकायको सिफारिसमा कारवाही गर्नेछ।

(२)[⊕]अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

(३)[*]साझेदार संस्थाले सम्झौतामा उल्लेखित कार्यक्रमहरु कम्तिमा ५ वर्ष सम्म निरन्तर सञ्चालन गर्नुपर्नेछ ।

१५. **संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने:** [⊕]यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

[⊕] प्रथम संशोधनद्वारा संशोधित

[*] प्रथम संशोधनद्वारा थप गरिएको

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कन मापदण्डहरु**

| क.स. | मूल्याङ्कनका आधारहरु | अङ्क | कैफियत |
|---|---|---|---|
| (क) | **कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागी प्राकृतिक सुन्दरता तथा अन्य श्रोत (सिंचाई, जमिन, कृषक) को उपलब्धता** | | स्थानीय तहको सिफारिसको आधारमा |
| | १) प्राकृतिक रुपमा सुन्दर, उपयुक्त र अन्य श्रोतहरुको प्रचुर उपलब्धता | २० | |
| | २) प्राकृतिक रुपमा सुन्दर तथा अन्य श्रोतको न्यून उपलब्धता | १५ | |
| | ३) प्राकृतिक रुपमा कम सुन्दर तथा श्रोतको न्यून उपलब्धता | ५ | |
| (ख) | **भौतिक सुविधाको (सडक,बिजुली, खानेपानी,टेलिफोन आदि) अवस्था** | | स्थानीय तहको सिफारिसको आधारमा |
| | १) सबै आधारभूत भौतिक सुविधा उपलब्ध | १५ | |
| | २) अपर्याप्त भौतिक सुविधा | १० | |
| | ३) आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको | ५ | |
| (ग) | **पर्यटकिय आवागमनको हिसाबले स्थलगत उपयुक्तता** | | स्थानीय तहको सिफारिसको आधारमा |
| | १) पर्यटन आवागन भैरहेको स्थल | १५ | |
| | २) भविष्यमा पर्यटक आउन सक्ने स्थल | १२ | |
| | ३) भविष्यमा पनि पर्यटक आउन सक्ने सम्भावना न्यून देखिएको | ५ | |
| (घ) | **आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता** | | बैंक स्टेटमेन्ट वा बैंककोLetter of Intent |
| | १) व्यहोर्न सक्ने श्रोत खुलेको | १५ | |
| | २) व्यहोर्न सक्ने सम्भावना देखिएको | १२ | |
| | ३) व्यहोर्न सक्ने सम्भावना न्यून देखिएको | ५ | |

| | | | |
|---|---|---|---|
| (ङ) | **कृषि फार्म/केन्द्रमा जोड्ने एवं नविन प्रभावकारी क्रियाकलापहरु**<br>१) कृषि फार्म/केन्द्र सँग जोडिएको तथा धेरै नविन प्रभावकारी<br>२) कृषि फार्म/केन्द्र सँग जोडिएको तथा सामान्य नविन प्रभावकारी<br>३) कृषि फार्म/केन्द्र सँग नजिकै तथा नविन एवं प्रभावकारी न्यून देखिएको | <br>२५<br>२०<br>१५ | सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र वा स्थानिय तहको सिफारिश पत्र |
| (च) | **आवेदक सदस्य/ संस्थाको सदस्यहरुको शैक्षिक योग्यता**<br>१) कम्तिमा एक जना स्नातक<br>२) कम्तिमा एक जना प्रमाणपत्र तह<br>३) प्रमाणपात्र तहभन्दा कम | <br>१०<br>८<br>६ | आवेदकले प्रमाण पेश गर्ने |
| | **जम्मा** | १०० | |
| | पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अंङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अक प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढि प्रस्ताव गरेकोलाई प्राथमिकता दिइनेछ । | | |

**अनुसूची- २**
**(दफा ६ सँग सम्बन्धित)**
**प्रस्ताव आव्हानको सूचना**

यस कृषि विकास निर्देशनालय, ⊕बागमती प्रदेश, हेटौंडा को आर्थिक वर्ष .........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि पर्यटन प्रवर्धन कार्यक्रम कार्यविधि, २०७६ अनुसार कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने इच्छुक होमस्टे संचालक, कृषि पर्यटन प्रवर्द्धनमा संलग्न सामुदायिक संस्था, कृषि पर्यटन व्यवसायमा आवद्ध समूह/सहकारी, सामुहिक/चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने समूह/सहकारी र निजी फार्मले यो सूचना प्रकाशित भएको ३० औं दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित आवेदन साथ प्रस्ताव ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्रमा दर्ता गर्नु हुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने व्याहोरा समेत जानकारी गराईन्छ ।

**पुनश्चः** कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

---
⊕ प्रथम संशोधन द्वारा संशोधित

## अनुसूची- ३
### (दफा ६ सँग सम्बन्धित)
### आवेदन फाराम

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि विकास निर्देशनालय/*कृषि ज्ञान केन्द्र,
........।

विषयः कृषि पर्यटन प्रवर्धनका लागि अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालय/*केन्द्रबाट सूचना भए अनुसार कृषि पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि (आवेदकको नाम तथा ठेगाना) ............................ले व्यवसायिक योजना तथा दफा १० मा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु..................(अक्षरेपी रु......................................) को योजना तयार गरी आवश्यक अन्य कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँबाट नियमानुसार उपलब्ध हने अनुदान रकम रु...........(अक्षरेपी...............) बाहेकका अन्य रकम (आवेदकको नाम) ..........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु...........................(अक्षेरेपी ..................) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ निर्देशनालय/*केन्द्रबाट संचालित यस कार्यक्रममा छनोट गरिपाउँ भनी अनुरोध छ ।

तपसिलः

(१) रु. १०/- को हुलाक टिकट टाँस गरेको आवेदन,
(२) निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्र,
(३) संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN), कर चुक्ता दर्ता / नविकरण / प्रमाण पत्रको प्रमाणित प्रतिलिप,
(४) संस्थाको बैठकको निर्णयको प्रतिलिपि,
(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र,
(६) कृषि पर्यटनमा आवद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि बाली वा पशुपंक्षी तथा पर्यटकीय सेवाका लागि उपलब्ध सेवा सम्बन्धी विवरण सहितको प्रोफाइल,
(७) आवेदनसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार,
(८) प्रस्ताव साथ लागत अनुमान,

---
* प्रथम संशोधनद्वारा थप गरिएको

(९) प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए,

(१०) आवेदकले कम्तिमा २५ घरधुरीलाई अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ (समूह/ सहकारी हकमा),

(११) फार्म केन्द्र भएको प्रमाण पेश गरेको हुनुपर्नेछ,

(१२) शौक्षिक योग्यताको प्रमाण पत्र,

(१३) अनुसूची -४ अनुसारको कार्य कार्ययोजना,

(१४) अनुसूची -५ अनुसारको प्रतिबद्धता पत्र,

(१५) प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे नरहेको प्रमाणको कागजात ।

निवेदकः

नामः

ठेगानाः

छापः

## अनुसूची – ४
(दफा ६ सँग सम्बन्धित)

**कार्य योजना (प्रस्ताव) का संक्षिप्त ढाँचा**

१.आवेदकको नाम र ठेगानाः

२.कृषि पर्यटन सञ्चालन हुने स्थानको नामः

३.सञ्चालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्थाः

४.सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरुः
(यसमा कृषि पर्यटन सन्चालन हुने स्थानमा उपलब्ध भौतिक सुबिधाहरु जस्तैः सडक, खानेपानी, विद्युत, टलिफोन लगायतका अन्य सुविधाको बारेमा उल्लेख गर्ने ।)

५.आवेदकसँग कृषि पर्यटन जस्ता पर्यटकिय क्षेत्रमा भएका क्षमता:
(यसमा निवेदकले कृषि पर्यटन वा होमस्टे जस्ता पर्यटकिय क्षैत्रमा भएका क्षमता जस्ता कुराहरु उल्लेख गर्दै कति घरधुरी कृषकहरु कृषि पर्यटन कार्यक्रममा सहभागी हुनेछन् र ती कृषक घरधुरीमा कति जना पाहुना पर्यटकहरुलाई बास बसाउने क्षमता छ सो को उल्लेख गर्ने ।)

६.आवेदकसँग कृषि पर्यटन प्रवर्धन कार्यक्रमको सञ्चालन तथा व्यवस्थापकीय जिम्मेवारी (यसमा प्रस्तावित स्थानमा कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी सञ्चालन हुनेछन् र संलग्न घरधुरीहरु कसरी परिचालित हुनेछन् स्पष्ट खाका तथा मोडेलको बारेमा प्रष्ट पार्नुपर्नेछ)

७. कृषि पर्यटन प्रवर्धनका लागि प्रस्तावित क्रियाकलापहरु तथा बजेट:

| क्र.सं. | क्रियाकलाप* | इकाई | परिमाण | दर | जम्मा | कार्यालयले ब्यहोर्ने | साझेदार संस्थाले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

८. क्रियाकलाप कार्यन्वयन कार्ययोजना:

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

९. कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्ताव गरिएका नविन एवं प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव:

१०. भावी योजना तथा कार्यदिशा:

<u>निवेदक</u>

नामः

ठेगानाः

निवेदकको छापः

दस्तखतः

मितिः

**अनुसूची –५**

**(दफा ६ सँग सम्बन्धित)**

**प्रतिबद्धता पत्र**

........................को मिति............................को सूचना अनुसार कृषि पर्यटन प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्य योजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा *५ वर्ष अगावै सो कार्यहरु बन्दगरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**आनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

* प्रथम संशोधनद्वारा थप गरिएको

## अनुसूची -६
## (दफा ९ सँग सम्बन्धित)
## सम्झौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, ⊕बागमती प्रदेश, कृषि विकास निर्देशनालय वा अन्तर्गत कृषि ज्ञान केन्द्र,............बाट सञ्चालन हुने चालु आ.व................. मा रहेको कृषि पर्यटन सञ्चलन सम्बन्धी कार्यक्रम मिति ......... गतेको......... राष्ट्रिय दैनिकमा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्रको मिति ....................को निर्णयबाट श्री.......................................................को प्रस्ताव स्वीकृत भएको हुँदा ⊕निर्देशनालय/कृषि ज्ञान केन्द्र (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................................ (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कृषि पर्यर्टन कार्यक्रम सञ्चालनका लागी द्धिपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

**तपशिलः**

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मनिनेछ ।
२. प्रथम पक्षले लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालनको लागि विनियोजित रु. ................... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु. ...........कट्टा गरी दोश्रो पक्षलाई रु............ (अक्षरेपी............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।
३. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था गरी ⊕बागमती प्रदेश को ................. महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ....... नं. वडाको ................... भन्ने स्थानमा......................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ।
४. आवेदकले कृषि पर्यटन प्रवर्धनका लागि उक्त क्षेत्रमा सचिवालयका रुपमा (व्यवस्थापकीय युनिटका रुपमा) कार्य गर्नुपर्नेछ भने आवद्ध घरधुरीहरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्धनका लागि तिनको परिचालन, नियमन, अनुगमन तथा समन्वय गर्नु पर्नेछ ।
५. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव बमोजिम उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र कार्य सम्पन्न गर्नेछ।
६. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्गविल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन, स्थलगत कार्य सम्पन्नको फोटो लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था लगायतका कुरा दोश्रो पक्षले गर्नेछ।
७. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष आवेदन पेश गरेपश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षलाई प्रथम पक्षले किस्ताबन्दीमा रकम भुक्तानी दिनेछ।

---

⊕ प्रथम संशोधन द्वारा संशोधित

८. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन / निरीक्षण गरी सम्झौता बमोजिम कार्यभए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ।

१०. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

११. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवम कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

१२. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

१४. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| <u>दोस्रो पक्षको तर्फबाटः</u> | <u>प्रथम पक्षको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदार संस्थाः | कार्यालयः |
| साझेदार संस्थाकोछापः | कार्यालयकोछापः |

<u>रोहवर/साक्षी</u>

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| साझेदार संस्थाः | कार्यालयः |
| साझेदार संस्थाको छापः | कार्यालयको छापः |

इतिसम्वत् ............... साल ................. महिना ......... गतेरोज ........ शुभम्।

अनुसूची -७
(दफा १३ सँग सम्बन्धित)
<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

कार्यक्रमको नामः
कार्यक्रम सञ्चालन गर्ने निकायको नामः
कार्यक्रम सञ्चालन अवधिः

| क. स. | कार्यक्रम को नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/ वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

<u>कार्यक्रम प्रमुख</u>
दस्तखतः
नामः
पदः